जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३४ पृष्ठः ४ | २०८३ जेठ १० आइतबार (Sunday 24 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# बरियारपट्टी छोटी भन्सार गेटमै धर्ना, भन्सार पुनः सञ्चालको माँग



सिरहा, ९ जेठ। नेपाल सरकारले सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेपछि सीमावर्ती क्षेत्रका बासिन्दाहरुले आन्दोलन जारी राखेका छन्। स्थानीय व्यापारी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका नेताहरू सरकारको निर्णयविरुद्ध निरन्तर सडक आन्दोलनमा उत्रिएका हुन्। पटक-पटक ज्ञापनपत्र बुझाउँदा, शान्तिपूर्ण आन्दोलन गर्दा तथा सरकारको ध्यानाकर्षण गराउँदासमेत कुनै सुनुवाइ नभएको भन्दै स्थानीयहरू थप आक्रोशित बनेका छन्।

बिहान बरियारपट्टी गाउँपालिका ३ स्थित छोटी भन्सार कार्यालयको मूल गेट अगाडि स्थानीयहरूले धर्ना दिएका छन्। नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो। स्थानीयका अनुसार उक्त निर्णयले सीमावर्ती व्यापार, राजस्व संकलन, स्थानीय रोजगारी तथा आर्थिक गतिविधिमा प्रत्यक्ष असर गरेको छ।

छोटी भन्सार बन्द भएसँगै यहाँका सयौं व्यापारी, मजदुर तथा दैनिक रूपमा नेपाल-भारत आवतजावत गर्ने सर्वसाधारण प्रत्यक्ष मारमा पर्ने उनीहरूको दाबी छ। आन्दोलनकारीहरूले सरकारमाथि मधेश र सीमावर्ती क्षेत्रप्रति विभेदपूर्ण व्यवहार गरेको आरोप समेत लगाएका छन्। धर्ना कार्यक्रमको नेतृत्व गरिरहेका वडा नम्बर ३ का अध्यक्ष विनोदकुमार यादवले आक्रोश व्यक्त गर्दै भने, 'राजस्व उठ्ने कार्यालय बन्द गरेर सरकारले यहाँको व्यापार नै धराशायी बनाउन खोजेको छ। सरकार काठमाडौंमै सीमित भयो, सीमामा बस्ने जनताको पीडा देखेन।'

यसअघि आन्दोलनकारीहरूले वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय सिरहामार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका थिए। साथै वैशाख २४ गतेदेखि २८ गतेसम्म चरणबद्ध रूपमा विरोध कार्यक्रम सञ्चालन गरिएको थियो। तर, यति धेरै आन्दोलन र जनदबाबका

**-बाँकी तीन पेजमा**

# उपसभामुख ठाकुरद्वारा धार्मिक पर्यटकीय स्थलको भ्रमण



**जीवछ यादव**

लहान, ९ जेठ। उपसभामुख रुबीकुमारी ठाकुरले लहान नगरपालिका-१२ र २२ मा रहेको धार्मिक पर्यटकीय स्थल सलहेस फूलवारी तथा लहान-१५ स्थित राजदेवी पञ्चावती मन्दिरको भ्रमण गर्नुभएको छ। उहाँले शनिबार बिहान सलहेस फूलवारी पुगेर लोकनायक सलहेसको दर्शन तथा पूजाआजा गर्नुभएको हो। भ्रमणका क्रममा उपसभामुख ठाकुरले सलहेस फूलवारी मधेश मात्र नभई देशकै नमुना धार्मिक पर्यटकीय स्थलका रूपमा विकास हुनुपर्ने बताउनुभयो।

उहाँले यस्तो महत्त्वपूर्ण स्थलको विकासमा पर्याप्त लगानी किन हुन नसकेको भन्ने विषयमा संघीय सरकारको ध्यानाकर्षण गराउने विश्वास व्यक्त गर्नुभयो। वीरता र प्रेमकथासँग जोडिएको सलहेस फूलवारीलाई दाइजोविनाको विवाह गर्ने स्थलका रूपमा विकास गर्न सके दाइजोमुक्त समाज निर्माणमा सहयोग पुग्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "प्रतिनिधिसभाको पहिलो बैठकमै दाइजोमुक्त समाज निर्माणका लागि आवाज उठाइसकेको छु। यो अभियानलाई निरन्तरता दिन आफ्नो हैसियतअनुसार सम्बन्धित निकायमा कुरा उठाइरहनेछु।" मधेशमा दाइजो प्रथाले गहिरो जरा गाडेको भए पनि सामूहिक प्रयासबाट यसको अन्त्य सम्भव रहेको उहाँको भनाइ थियो।

उपसभामुख ठाकुरले सलहेस

**-बाँकी तीन पेजमा**

# आमाको नामबाट नागरिकता

महोत्तरी, ९ जेठ। विगत चार महिनामा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन्। गत २०८२ पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो भने पुस २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएलगत्तै सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरी यो व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो।

सोही क्रममा सबै आवश्यक कागजी प्रक्रिया पूरा गरेर २०८२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो। यसअनुसार

**-बाँकी तीन पेजमा**

चुलो, ग्याँस अनि बिजुलीको तार
ध्यान दिएन भने हुन सक्छ ठूलो मार
सुत्नु अघि जाँच गरौं, आगलागी समयमै टारौं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।
- विविधतामा एकता भन्ने भावना विकास गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## सगरमाथालाई धेरै नसताऊ

यस वर्षको गर्मी याममा एकै दिनमा २७४ जनाभन्दा बढी आरोहीहरू विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पुगेर कीर्तिमान कायम गरे। यही क्रममा यही आरोहण याममा ५ जना आरोहीले ज्यान पनि गुमाए। यसैले ३२ पटक सगरमाथा आरोहण गर्ने कीर्तिमानी आरोही कामीरिता शेर्पाले समेत 'आरोहणमा केही नियन्त्रण गर्नुपर्ने र गुणस्तरीय आरोहीलाई मात्र अनुमति दिनुपर्ने' भनेको हुनुपर्छ।

दुनियाँका लागि सगरमाथा ८ हजार ८४९ मिटर अग्लो भूगोलको एउटा विन्दुमात्र हुनसक्छ। तर, खुम्बु क्षेत्रका शेर्पा समुदायका लागि चोमोलुङ्मा (सगरमाथा) पवित्र माता मानिने आस्थाको केन्द्र हो। तर, सगरमाथा र यस क्षेत्रका बासिन्दाको दीर्घकालीन हितको बेवास्ता गरी धान्न सक्नेभन्दा बढीलाई आरोहण अनुमति दिने क्रम भने नेपाल सरकारले जारी नै राखेको छ। आरोहणमा बढ्दो भिडका कारण उत्पन्न जोखिमले सगरमाथाको दिगो भविष्यमाथि गम्भीर प्रश्न खडा भएको छ। सगरमाथासँग नेपालको पहिचानसँगै संस्कृति र पर्यावरणीय हित पनि जोडिएको यथार्थप्रति राज्य कहिल्यै गम्भीर भएको देखिएन। नेपालतर्फबाट एकै दिनमा २७४ जनाभन्दा बढी आरोहीहरू चुचुरोमा पुग्दा जोखिमपूर्ण 'डेथ जोन'मा घन्टौं कुर्नुपरेको समाचारले योजनाविहीन आरोहणको चिन्ताजनक स्थिति देखाएको छ।

उत्तरतर्फबाट अर्थात् चीनको तिब्बतको बाटोबाट पनि सगरमाथा शिखरमा आरोहण गर्न सकिन्छ। तर, वातावरणीय संरक्षण, स्वच्छता र फोहोर व्यवस्थापन प्रणालीलाई महत्त्व दिएर उत्तरी मोहोढाबाट अहिले अन्तर्राष्ट्रिय आरोहण रोकिएको छ। हुनत, तिब्बतको बाटो रोकिएपछि धेरै अन्तर्राष्ट्रिय आरोहीहरू नेपालतिर आउका पनि होलान् तर नेपालले भने दक्षिण मोहोडामा पर्ने क्षमताभन्दा बढी चापलाई उपेक्षा गरेको देखियो।

नेपाल सरकारले ४९४ भन्दा बढी आरोहण अनुमति जारी गरेर राजस्व संकलनमा त कीर्तिमान बनायो होला तर आरोहीको असुरक्षा र पवित्र चोमोलुङ्मा फोहोर तथा पर्यावरणीय चाप पनि धान्न सकिने क्षमताभन्दा बढी नै बढायो। सगरमाथा संसारभरका आरोहीहरूको लागि रोमाञ्चक चुनौती होला तर नेपालका लागि पहिचान र जीवन पनि हो।

यसैले अब नेपालले पनि सगरमाथाका साथै सम्पूर्ण हिमालको पर्यावरण जोगाउन चीनको जस्तै नियन्त्रित वा न्युजिल्यान्डको जस्तो 'जिम्मेवार' आरोहणको अवधारणा अपनाउन ढिला गर्नु हुँदैन। अब पैसा बुझाउने सबैलाई आरोहण अनुमति दिने 'अनियन्त्रित' होइन 'दिगो र व्यवस्थित' आरोहणको व्यवस्था गर्नै पर्छ। हिमालको यो सांस्कृतिक, धार्मिक मूल्य र प्राकृतिक सन्तुलन कायम राख्न न्युजिल्यान्ड र इक्वेडरको जस्तै प्रकृतिलाई कानुनी व्यक्तिको दर्जा दिने 'अभिभावकत्व अवधारणा' नेपालका लागि सान्दर्भिक हुन सक्छ। सगरमाथालाई कानुनी व्यक्तिको दर्जा दिँदा चोमोलुङ्माको सम्मानका साथै शेर्पा समुदायको अपनत्व पनि हुन्छ। हुन पनि हामी प्रकृतिका मालिक त होइनौं। प्रकृति त भविष्यका लागि पुर्खाले छाडेर गएको नासो हो र यो पुस्ता त्यसको संरक्षक हो।

सगरमाथा लगायत हिमाली क्षेत्रलाई स्वच्छ र सुरक्षित राख्ने अहिलेसम्मका सीमित प्रयासहरू पनि सफल भएनन्। यसबाट पनि स्पष्ट हुन्छ आधारभूतरूपमै आरोहीहरूको संख्या सीमित गर्ने र गुणस्तरीय आरोहीलाई मात्र अनुमति दिने नीति नअपनाउँदासम्म सगरमाथाको मानवीय र पर्यावरणीय संकट टर्दैन। तसर्थ, राज्यले पैसामात्र नहेरी हिमालको संवेदनशीलता, सुरक्षा र गरिमा अक्षुण्ण राख्न आवश्यक नियन्त्रित कदम चाल्नै पर्छ सगरमाथालाई यथार्थमै संसारको माथा र विश्वव्यापी संरक्षणको प्रतीक बनाउन सके नेपालको पनि कीर्तिमान कायम हुन्छ।

# कांग्रेसलाई एक बनाउने कि चिरा पर्न दिने ?

**डा. शोभाकर पराजुली**

हिजो के थियो ? नेपाली कांग्रेस आज हेर्दाहेर्दै के भइदियो ? नेपाली राजनीतिको इतिहासमा नेपाली कांग्रेस आफैमा उज्यालो क्यानभाष हो। नेपाली राजनीतिसँग नेपाली कांग्रेसको परिचय सायदै मेटिएला। तर यतिबेला भने नेपाली कांग्रेस आफै इतिहासको सबैभन्दा डरलाग्दो राजनीतिक कोमामा ढलिरहेको छ। न लास बन्न सकेको छ न यो भित्र राजनीतिक सास चल्न सकेको छ। नेपाली कांग्रेस किन यस्तो अवस्थामा पुग्यो। इतिहासका कुनै कालखण्डहरूमा यसको जवाफ पक्कै आउनेछ। तर अहिले जो जसले नेपाली कांग्रेसको नवीन नेतृत्व गरिरहेका छन्, उनीहरूलाई पनि इतिहासका यी प्रश्नहरूले कदापि छोड्ने छैनन्।

नेपाली राजनीतिक आकाशमा नेपाली कांग्रेस यसरी कहिल्यै धुमिल भएको थिएन, जसरी अहिले भइरहेको छ। आधुनिक राजनीतिक चेतनासँगै त्यसको एउटा राजनीतिक ज्योति बनेर नेपाली कांग्रेस जन्मिएको हो। निरंशुक जहानियाँ राणा शासनको त्यो अन्धकार युगलाई चिर्दै नेपाली समाजमा लोकतन्त्रको उज्यालो खोज्नका लागि हाम्रा अग्रजहरूले नेपाली कांग्रेस जन्माएका हुन्। बीपी कोइराला, गणेशमान सिंह, सुवर्ण शमशेर, कृष्णप्रसाद भट्टराईजस्ता सच्चा राजनीतिक नेताहरूको त्याग, तपस्या र बलिदानले नेपाली कांग्रेस नेपाली राजनीतिको एउटा निर्णायक शक्ति बनिरहेको थियो। नेपाली कांग्रेसको जन्म केबल केही नेताहरूको नाम र मात्रै पार्टी निर्माणको एउटा घटनामात्रै थिएन, नेपाली कांग्रेसको जन्ममा आफैमा लोकतन्त्रको एउटा आधारशिला पनि थियो।



जहाँ सारा नेपाली जनताको अमिट हस्ताक्षरहरू छन्। इतिहासका कैयौं मोडहरू अनि बाटाहरू छिचोल्नका निम्ति नेपाली कांग्रेसले त्यहीअनुसारका रणनीतिहरू तय गर्दै आएको छ र परिवर्तनका हरेक मोडहरूमा नेपाली कांग्रेस सधैँ निर्णायक शक्तिका रूपमा उभिएको छ। जस्तो कि जहानियाँ राणा शासन अन्त्य गर्न नेपाली कांग्रेसले सशस्त्र संघर्षको बाटो रोज्यो। त्यसका लागि नेपाली कांग्रेसका नेताहरूले भारतमै लुकेर भए पनि नेपालीको स्वतन्त्रताका लागि युद्धको अनुसरण गरे। त्यसमा जनताको भरपुर समर्थन रह्यो। जनसमर्थनको त्यही बलियो जगमा क्रान्तिकारी अभियान अनि राजनीतिक शक्तिसँगै अन्ततः राणा शासनको अन्त्य भयो। ००७ सालको परिवर्तनसँगै नेपालमा लोकतान्त्रिक चेतनाको नयाँ युग सुरु भयो। त्यसका हरेक कालखण्डमा नेपाली जनताको एकमात्रै राजनीतिक भरोसाको केन्द्र नेपाली कांग्रेस नै रह्यो।

नेपाली कांग्रेस आफ्नै मौलिक सिद्धान्तको जगमा जन्मिएको राजनीतिक पार्टी हो। आयातित सिद्धान्तलाई नेपाली कांग्रेसले कहिल्यै अपनत्व लिएन र राजनीति सिद्धान्तको जगमा मात्रै बलियो हुन्छ भन्ने कुरा नेपाली कांग्रेसले नै सिद्ध गरिदिएको हो। बिपी कोइरालाले प्रतिपादन गरेको समाजवाद, लोकतन्त्र र राष्ट्रियताका आधारशिलाहरूमा नेपाली कांग्रेसले कहिल्यै नमेटिने इतिहास कुँदेको छ। यो आफैमा नेपाली राजनीतिको एउटा सदा गौरवान्वित इतिहास हो।

राष्ट्रिय स्वाधीनतामा आफ्नो अडान कहिल्यै छोडेको छैन नेपाली कांग्रेसले। छिमेकी राष्ट्रहरूसँग सम्बन्धको सन्तुलनसँगै सार्वभौमसत्ताको रक्षा तथा राष्ट्रिय एकतालाई नेपाली कांग्रेसले सधैँ आफ्नो मानक बनाएको छ। अनि लोकतन्त्रलाई आफ्नो प्राण बनाएको नेपाली कांग्रेस आफैमा 'मास बेस्ड' पार्टी पनि हो। हरेक नागरिकको जन्मसिद्ध अधिकार अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, नागरिक अधिकार तथा विधिको शासनलाई पार्टीले आफ्नो मूल आधार मान्दै आएको छ।

इतिहासका यी तमाम आधारशिलामा बलियो नेपाली कांग्रेस अब भने भित्र–भित्रै खोक्रो भइसकेको छ। फगत बिपी अनि गणेशमान र किशुनजीहरूको सपनाको दुकान सजाएर मात्रै अब नेपाली कांग्रेस त्यो कांग्रेस बन्न सक्दैन जसको परिकल्पना उहाँहरूमा थियो। उसै पनि राजनीति आदर्शको राजमार्गबाट अलिअलि बिथोलिन लागेको नेपाली कांग्रेस 'विशेष महाधिवेशन'को तुवाँलोमा अझ धेरै रुमलिन पुग्यो। न उसले आफ्नो स्पष्ट गन्तव्य देख्नसक्यो न त्यसको प्राप्ति नै। जेनजी आन्दोलनपछि नेपाली राजनीतिमा देखिएको त्यो घनघोर शून्यता र अन्योलताबाट नेपाली कांग्रेस आफू त निस्किन सकेन नै समग्र नेपाली राजनीतिको दिशा नै त्यसले झन् धेरै बिथोलिदियो।

पार्टीको आन्तरिक झगडालाई खुलमखुला कांग्रेसका केही महत्त्वाकांक्षी नेताहरूले भृकुटीमण्डपमा छताछुल्ल पारिदिए। ०८१ को पुस अन्तिम साता नेपाली कांग्रेसको राजनीतिक कोमा यात्रा सुरु भयो। त्यसकै प्रतिफल फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा इतिहासकै सबैभन्दा नमिठो पराजयको कलङ्क कांग्रेसको पार्टी जीवनमा टाँसियो। यद्यपि निर्वाचन परिणामको अङ्कगणितले मात्रै पार्टी जीवनको उचाइ नापिँदैन तथापि त्यो 'विशेष महाधिवेशन'ले अहिले नेपाली कांग्रेस इतिहासकै सबैभन्दा कठिन र भयंकर विभाजनको मार्गमा दौडिरहेको छ न त्यसको कुनै गन्तव्य छ न त्यसको कुनै लक्ष्य।

भएका लक्ष्य अनि गन्तव्यहरू त साझा नै हुन्, राष्ट्रियता, लोकतन्त्र र समाजवादको एउटै दिशा हो। तर त्यसमा छरपस्ट अनुहारहरू अहिले चारैतिर फिँजिएका छन्। खासगरी यी छरिएका यी सबै बाटाहरूबाट उनीहरूलाई फर्काएर फेरि एउटै साझा यात्राको थालनी गर्ने जिम्मेवारी वर्तमान सभापति र उहाँका सारथिहरूको हो, समग्रमा हामी सबै नै कांग्रेसी आदर्श, सिद्धान्त र राजनीतिको साझा सारथि हौँ।

पार्टीलाई आधुनिक र प्रविधिमैत्री बनाउने नाममा अहिले 'सदस्यता अद्यावधिक'को जुन आतंक आम कार्यकर्ताहरूमा छरिएको छ, यसले नेपाली कांग्रेसलाई इतिहासकै सबैभन्दा कठिन मोडमा पुर्‍याउने निश्चित छ। पहिलो कुरा त नेपाली कांग्रेसको पार्टी सदस्यता भनेको कुनै नेता वा नेतृत्वको झोलीबाट झिकेर दिने कुरा होइन। त्यो कुनै निगाहा होइन अर्थात् हरेक नेपालीलाई नेपाली कांग्रेसको सदस्य हुन, कांग्रेसको राजनीतिक यात्रामा सारथि बन्न कसैको निगाहा चाहिन्न। हरेक नेपालीलाई नेपाली कांग्रेस आफ्नो हो भन्ने जन्मसिद्ध अधिकार छ। त्यसका लागि पार्टीका कुनै निर्देशित सिद्धान्तहरूले रोक्न वा छेक्न सक्दैन। पार्टी वा संगठनलाई संस्थागत गर्न, चलायमान गराउन अनि पद्धतिलाई स्थापित गर्न केही प्रणालीहरू चाहिन्छन्।

तर त्यसको अर्थ आम नेपालीलाई नेपाली कांग्रेसको सदस्य हुँ भनेर गर्व गर्न र आफूलाई रुख अनि चारतारे झन्डामुनि राखेर आत्मस्वाभिमानी महसुस गर्नका लागि कांग्रेसमा त्यस्ता कुनै सर्तहरू चाहिँदैनन्। नेपाली कांग्रेसको यो सहज र सजिलो अपनत्वलाई अहिले जसरी 'बेच्न' राखिएको छ, त्यसले आम नागरिक र पार्टीको दूरी झन् गहिरो हुन्छ। जनताबाट जति टाढा भयो नेपाली कांग्रेसको अस्तित्व उति नै नासिने खतरा बढ्दै जानेछ, यसमा कुनै दुई मत छैन। कांग्रेस चिरिनुको सबैभन्दा ठुलो पीडा आज त्यसलाई चिरेका महत्त्वाकाङ्क्षी वा लोभीपापी नेता नेतृत्वलाई होइन, जसले जीवनभरि रुख र चारतारे झन्डालाई मात्रै आफ्नो राजनीतिक जीवनको आदर्श मानेको छ त्यो भुइँमान्छे अर्थात् त्यो तहको कार्यकर्तालाई कांग्रेसको भलो चिताउनेहरूलाई भइरहेको छ।

आफू कांग्रेस हुनुको मूल्य आज ती कार्यकर्ताहरूले 'नयाँ' भनिनेहरूको थिचोमिचो सहेर जसरी तत्लो तहमा कांग्रेसका हाँगाबिँगा बचाएर बसेका छन्, उनीहरूलाई नेपाली कांग्रेसबाट केही लिनुदिनु छैन। उनीहरूलाई कांग्रेसको नेता बन्नु छैन। चुनाव लड्नु छैन। मन्त्री बन्नु छैन। अर्थात् कुनै स्वार्थ अनि महत्वकांक्षाको भारी उनिहरूले पार्टीमा बिसाउन खोजेका छैनन्। ती कार्यकर्ताहरूको यस्तो कञ्चन शुभेच्छाहरूलाई कसरी जोगाइराख्ने ? त्यतातिर नेपाली कांग्रेसको नेतृत्वले सोच्न जरुरी छ। किनकि नेपाली कांग्रेसको आत्मा भनेकै यिनै भुँइतहका कार्यकर्ताहरू हुन् न कि सदस्यताको रसिदमा लुछाचुँडी गर्ने स्वार्थी अनि लोभिपापी 'नेता'हरू।

अब नेपाली कांग्रेसलाई एक बनाउने कि चिरा पर्न दिने ? यो नेपाली कांग्रेसको पार्टी जीवनको अनुत्तरित सवाल मात्रै होइन बरु राष्ट्रियता, लोकतन्त्र र समाजवादको नेपाली राजनीतिक यात्राको एउटा पीडादायी क्षण पनि हो। साँच्चिकै नेपाली कांग्रेसलाई अब एक बनाएर अघि बढाउने हो भने सबैभन्दा पहिला सहअस्तित्व स्वीकार्यतालाई आत्मसात् गर्नुपर्छ। आफ्नो निजी महत्वाकाक्षा, स्वार्थ र कुत्सित मनोभावहरूलाई पन्छाएर साँच्चिकै पार्टी जीवनका लागि आफूलाई समर्पित गर्ने हो नेपाली कांग्रेसका नेता र नेतृत्वले एकअर्काको अस्तित्व स्विकार्ने उदारता देखाउनै पर्छ।

त्यो भनेको के हो भने 'विशेष महाधिवेशन'को रामकहानी अब अदालतले नै एउटा किनारामा पुर्‍याइसकेको छ। त्यसलाई कुनै एक पक्षको जित र अर्को पक्षको हार भन्दा पनि दुबै पक्षले सहजताका साथ स्वीकार गर्ने हिम्मत गरौं। अनि त्यही विशेष महाधिवेशन र १४औं महाधिवेशनको नेतृत्वको एउटा संगमस्थल खोजौं जसले आगामी १५औं महाधिवेशनलाई साँच्चिकै भावनात्मक रूपमा 'एकता'को महाधिवेशन बनाउन सकोस्।

अहिले जुन कांग्रेसको सदस्यताको बहस चलिरहेको छ, त्यसलाई एकप्रकारले पार्टीको गतिशिलताका रूपमा स्वीकार गरेर हरेक कार्यकर्ताको आत्मसम्मानमा चोट नपुग्नेगरी एउटा प्रणालीमा ढालौं। ताकि हरेक भुइँमान्छेले कांग्रेस भएको गर्वले छाती ठोकेर भन्न सकोस्। जय नेपाल...

!रातोपाटीबाट

## बरियारपट्टी छोटी...

बाबजुद पनि सरकारले कुनै चासो नदिएको भन्दै स्थानीयहरू थप आन्दोलित बनेका छन्।

बरियारपट्टी बजार व्यवस्थापन समितिका अध्यक्ष अमियकुमार यादवले सरकार जनताको आवाजप्रति संवेदनशील नभएको आरोप लगाए। उनले भने, 'हामीले शान्तिपूर्ण रूपमा आन्दोलन गर्‍यौं, ज्ञापनपत्र बुझायौं, ध्यानाकर्षण गरायौं, तर सरकारले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन। जनताको समस्यालाई बेवास्ता गर्ने सरकारविरुद्ध अब आन्दोलन अझ कडा हुन्छ।'

धर्नाका क्रममा प्रदर्शनकारीहरूले 'छोटी भन्सार फिर्ता गर', 'अर्थमन्त्री होसियार', 'जनताको माँग पूरा गर', 'सीमावर्ती क्षेत्रमाथिको विभेद बन्द गर' लगायतका नारालगाएर प्रदर्शन गरेका थिए। स्थानीय व्यापारीहरूले सरकारले समयमै निर्णय फिर्ता नलिए आन्दोलन थप चर्किने चेतावनी दिएका छन्। उनीहरूले सरकार अझै पनि जनताको आवाजप्रति मौन रहे कडा संघर्षका कार्यक्रम घोषणा गरिने बताएका छन्।

# नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोगः रोगको जोखिमलाई घटाउने उपाय 'पेन–डी प्याकेज'

काठमाडौँ, ९ जेठ। नेपालमा नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वास सम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ। साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ। यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन्।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको 'नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८–२०८२)'अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बीचमै अकाल मृत्युको जोखिममा छन्। पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन्। यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्बाट स्वीकृत उक्त महत्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु–दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ। हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ। सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ। अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक–पटक प्रभावित बनाइरहेको छ। नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरू झन् प्राणघातक बन्न सक्छन्। यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ।

विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह 'पेन–डी प्याकेज' तयार गरिएको हो। यो 'प्याकेज'ले विपद्का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ। नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको 'अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज' (डब्लुएचओ – पेन) अवलम्बन गरिसकेको भए पनि विपद्का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ।

'पेन–डी प्याकेज' ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र 'प्रोटोकल'लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ। यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरू उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ। नयाँ 'क्लिनिकल' मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ।

साथै, विपद्अघि, विपद्को समयमा र विपद्पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुर्‍याउँछ। 'पेन–डी प्याकेज' मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका गतिविधिसँग जोड्दछ। यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व–हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बीचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ। यसरी 'पेन–डी प्याकेज' ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुर्‍याउँछ। विपद् व्यवस्थापन चक्रका सबै चरणमा 'पेन–डी प्याकेज' को भूमिका अत्यन्त महत्वपूर्ण छ। विपद्अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ। साथै, बिरामीलाई स्व–व्यवस्थापन र आपत्कालीन 'किट' मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ।

त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्को पूर्वसूचना प्राप्त भएपछि दुई–चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरू सञ्चालन गरिन्छ। सेवा प्रवाहका माध्यममा 'पेन–डी प्याकेज' किट, औषधि, नगद वा नगद–सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरू पनि समावेश गरिएका छन्। विपद्को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ। बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित 'ट्रिगर' सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ। यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ।

साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृंखलासम्बन्धी सूचकहरू समावेश गरिएका छन्। विपद्को समयमा 'मोबाइल क्लिनिक', 'टेलिमेडिसिन', समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ। अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन्। मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक 'रेफरल' प्रणालीसमेत सञ्चालनमा राखिन्छ। विपद्पश्चात् नियमित सेवा पुनःस्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ।

'पेन–डी प्याकेज' ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ। विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर 'कोही पनि पछाडि नछुटोस्' भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ। समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ। मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी–केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ।

राष्ट्रिय स्तरमा 'पेन–डी प्याकेज' को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो। यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरू पूर्ति गर्दछ। साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ।

देशव्यापी रूपमा 'पेन–डी प्याकेज' को विस्तारले सङ्घीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ। यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ। साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

'पेन–डी प्याकेज' नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो। यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबीचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ। यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्को बीच पनि सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

'पेन–डी प्याकेज' स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो। उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो।

**'पेन–डी प्याकेज' : सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक**

नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा 'उत्थानशील नसर्ने रोगः पश्चिम नेपालका विपद्–सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण' कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रमको मुख्य उद्देश्य विपद्को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नु रहेको थियो।

दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्को समयमा 'पेन–डी प्याकेज' प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो। विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्यासमार्फत परीक्षण गरिएको थियो। अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो।

परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन्। भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन्। विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ। उहाँका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ। उहाँले भन्नुभयो, "नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ। यसको प्रभाव न्यूनीकरण गर्न 'पेन डी प्याकेज' प्रभावकारी उपाय बन्न सक्छ। आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ।"

त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले 'रेजिलियन्स नसर्ने रोग उपचार सेवा' परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "सरुवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ। उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ। झन् विपद्को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठूलो चुनौती बन्छ। त्यसैले 'पेन डी प्याकेज'लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ। यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ।" इपिडिमियोलोजी तथ रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगर 'पेन डी प्याकेज' प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो।

---

*उपसभामुख ...*

फूलवारी र राजदेवी पञ्चावती मन्दिरजस्ता धार्मिक तथा पर्यटकीय स्थलको विकासका लागि प्रधानमन्त्री तथा सम्बन्धित मन्त्रालयसँग पहल गरिने बताउनुभयो। सलहेस फूलवारी संरक्षण समितिले फूलवारी क्षेत्रको १२ बिघामध्ये तीन बिघा जग्गा अतिक्रमणमा परेको जानकारी गराउँदै अतिक्रमित जग्गा खाली गराई संरक्षण र विकासका लागि पहल गरिदिन उपसभामुख ठाकुरको ध्यानाकर्षण गराएको थियो।

लहान–१५ स्थित राजदेवी पञ्चावती मन्दिरको भ्रमणका क्रममा उपसभामुख ठाकुरले त्यहाँको व्यवस्थापन र विकासको प्रशंसा गर्दै सलहेस सर्किटसँग राजदेवी मन्दिरलाई समेत जोडेर एकीकृत पर्यटकीय विकास गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

*आमाको नामबाट ...*

नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरूले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गर्न थालेका हुन्। त्यसै क्रममा जिल्ला प्रशासन कार्यालयबाट गत २०८२ माघ महिनाको ६ गतेदेखि २०८३ जेठ ९ गतेसम्म जम्मा २०९ जनाले आमाको नामबाट वंशज नागरिकता प्राप्त गरेको प्रमुख जिल्ला अधिकारी यादवले बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# सप्तरीका तीन सडकको ठेक्का रद्द

**सुधा देव**

सप्तरी, ९ जेठ। सडक डिभिजन कार्यालय, लहानले सप्तरीका तीनवटा सडकको ठेक्का रद्द गरेको छ। राजविराज–छिन्नमस्ता, राजविराज–रूपनी र राजविराज–हनुमाननगर–भारदह सडक निर्माणको ठेक्का लिएका ठेकेदारसँगको सम्झौता रद्द गरिएको हो। ठेकेदारहरूले सम्झौताअनुसार समयमा काम नगरेको तथा पटक–पटक ताकेता गर्दा पनि अटेरी र लापरबाही गर्दै आएको भन्दै भौतिक पूर्वाधार मन्त्रालयले सूचना जारी गरी ठेक्का सम्झौता अन्त्य गरिएको जनाएको छ।

उक्त सडकहरूको स्तरोन्नति तथा नाला निर्माणका लागि साह इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि, शम्भुनाथले ठेक्का लिएको थियो। तीनवटै सडकमा ठेकेदारले समयमा निर्माण कार्य सम्पन्न नगर्दा स्थानीयले सास्ती व्यहोर्नुपरेको थियो। त्यसका विरोधमा स्थानीयले पटक–पटक सडक अवरुद्ध गर्दै चक्काजामसमेत गरेका थिए। ठेक्का सम्झौतामा उल्लेखित प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ५९ (२) को खण्ड (क), दफा ५९ (७) र दफा ५९ (८)अनुसार डिभिजन कार्यालयको मिति २०८३–०२–०७ को निर्णयअनुसार ठेक्का अन्त्य गरिएको हो। तीनवटै ठेक्का रद्द भएपछि निर्माण कार्य तत्कालका लागि अलपत्र परे पनि ठेक्का लिएर ढिलासुस्ती गर्ने तथा काम नगर्ने

**–बाँकी अन्तिम पेजमा**

# बेवारिसे अवस्थामा फेला परेकी खातुन परिवारको जिम्मा




**सुधा देव**

सप्तरी, ९ जेठ। सप्तरीमा बेवारिसे अवस्थामा फेला पर्नुभएको एक महिलालाई परिवारको जिम्मा लगाइएको छ। बिहार राज्यको दरभंगा घर भएकी ३५ वर्षीया साहानी खातुनलाई डेढ महिनापछि उहाँकी दिदी सिरहा जिल्लाको नरहा गाउँपालिका–३ निवासी ४५ वर्षीया फरिदा खातुनको जिम्मा लगाइएको हो ।

चैत २४ गते राजविराज नगरपालिका–१ बाट बेवारिसे अवस्थामा फेला परेकी खातुनलाई राजविराजस्थित गजेन्द्रनारायण अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को जिम्मा लगाइएको थियो। त्यसपछि ओसीएमसीको सहयोग र जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वयमा उहाँलाई अग्निसाइर कृष्णासवरन गाउँपालिकास्थित सेफ हाउसमा राखिएको थियो।

शारीरिक र मानसिक रूपमा कमजोर अवस्थामा फेला परेकी खातुनको प्रारम्भिक उपचारपछि काठमाडौँस्थित ‘कोसिस’ संस्थाको सहयोगमा थप उपचारका लागि काठमाडौँ लगिएको थियो। त्यहाँ १५ दिन उपचार गरी करिब एक महिना संरक्षणमा राखिएको थियो। पछि उनको घरपरिवार खोजी गरी दरभंगा पुऱ्याउने उद्देश्यले बिहीबार सप्तरी ल्याइएको थियो।

उपचारपछि सामान्य अवस्थामा रहेकी खातुनले काठमाडौँबाट सप्तरी आउने क्रममा मिर्चैया पुगेपछि त्यहाँ आफ्नी दिदी बस्ने जानकारी दिनुभएको थियो। त्यसपछि दिदीको खोजी गरी जिल्ला प्रहरी कार्यालय राजविराजमा बोलाइएको थियो। राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रविण, ओसीएमसीका फोकल पर्सन मनिषा सिम्खडा, नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष सुधा देव, जिल्ला प्रहरी कार्यालय महिला सेलका प्रहरी निरीक्षक अनिल साह, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रकी लिला थापा तथा सेफ हाउसकी मनोविमर्शकर्ता अञ्जना कोइरालालगायतको रोहवरमा खातुनलाई परिवारको जिम्मा लगाइएको ओसीएमसीकी फोकल पर्सन सिम्खडाले जानकारी दिनुभयो।

खातुनको चार जना छोराछोरी हुनुहुन्छ। श्रीमानले दोस्रो विवाह गरी कुटपिट तथा मानसिक यातना दिन थालेपछि तनाव सहन नसकी घर छाडेको र कसरी सप्तरी आइपुगेको भन्ने सम्झना नभएको उहाँले बताउनुभयो। ओसीएमसीले हिंसापीडित तथा समस्यामा परेका व्यक्तिहरूलाई उपचार, परामर्श र आवश्यक सेवा निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको जनाएको छ ।

# घुससहित प्रमुख प्रशासकीय अधिकृत यादव नियन्त्रणमा

महोत्तरी, ९ जेठ। महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव घुससहित नियन्त्रणमा पर्नुभएको छ। सडक ढलान योजनाको कार्य सम्पन्न भएपछि भुक्तानी गर्ने क्रममा विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवासबाट खटिएको टोलीले उहाँलाई नियन्त्रणमा लिएको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार टोलीले यादवलाई सेवाग्राहीबाट ७२ हजार रुपियाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको हो। साथै उहाँको साथबाट स्रोत नखुलेको ८३ हजार १४५ रुपियाँ, ल्यापटप १ थान, मोबाइल २ थान तथा अन्य सरकारी कागजातसमेत बरामद गरिएको सहायक प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

नियन्त्रणका क्रममा यादव सवार सरकारी नम्बर प्लेटको सवारी साधनसमेत जिल्ला महोत्तरीको गौशाला नगरपालिका–५ निगौलस्थित सम्सी–गौशाला सडक खण्डको गौशालातर्फ जाँदै गर्दा नियन्त्रणमा लिइएको हो। अख्तियारका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

# सप्तरीमा हुलाकी सडक चार दिनदेखि अवरुद्ध



**धीरेन्द्रप्रसाद साह**

राजविराज, ९ जेठ। राजविराजको हनुमान मन्दिरदेखि चनौरा पडरियासम्मको अलपत्र हुलाकी सडक निर्माण कार्य सम्पन्न गर्न दबाब दिँदै स्थानीयवासीले थालेको सडक अवरोध शनिबार चौथो दिन पनि जारी रहेको छ। तीन वर्षदेखि भत्काएर छोडिएको सडकका कारण जनजीवन कष्टकर बनेपछि स्थानीय आन्दोलनमा उत्रिएका हुन्। स्थानीय पडरिया निवासी निरञ्जन झाका अनुसार राजविराज नगरपालिका–१, ३ र ८ अन्तर्गत पर्ने उक्त सडक विगतमा बजेट अभाव देखाउँदै अधुरै छोडिएको थियो। हाल पर्याप्त बजेट हुँदाहुँदै पनि सम्बन्धित मन्त्रालय र निकायले निर्माण कार्यप्रति बेवास्ता गरेको उहाँले बताउनुभयो।

वर्षायाममा सडक नदीजस्तै बन्ने र सुख्खा मौसममा अत्यधिक धुलो उड्ने समस्याले स्थानीयवासी, बटुवा तथा विद्यार्थीसमेत प्रभावित भएको उहाँको भनाइ छ। धुलो र हिलोका कारण स्वास्थ्य समस्या समेत बढ्दै गएको स्थानीयको गुनासो छ। आन्दोलनकारीहरूले पटक–पटक ध्यानाकर्षण गराउँदा पनि सरकार र जनप्रतिनिधिबाट कुनै ठोस पहल नभएको बताएका छन्। प्रत्यक्ष जनमतबाट निर्वाचित तीनै तहका जनप्रतिनिधि जनताको समस्याप्रति मौन बसेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका छन्।स्थानीयवासीले सडक निर्माण कार्य तत्काल सुरु नगरे आन्दोलन अझ सशक्त बनाउने चेतावनी दिएका छन्। गत बुधबारदेखि आन्दोलनकारीहरूले हुलाकी राजमार्गअन्तर्गत उक्त सडक खण्डमा ढाट तेर्साएर आवतजावत बन्द गर्दै आएका छन्।

# राजमार्ग विस्तार,सतचालिस कलभर्ट तयार एकतिस पुल निर्माणाधीन

सर्लाही, ९ जेठ। एसियन मापदण्ड अनुसार चार लेनमा विस्तार भइरहेको महेन्द्र राजमार्गको मधेश प्रदेशका तीन जिल्लामा ४७ वटा कलभर्ट निर्माण सम्पन्न भएका छन्। सर्लाही, महोत्तरी र धनुषा खण्डमा निर्माण भएका यी कलभर्टमा यातायातसमेत सञ्चालन हुन थालिसकेको छ।

कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवका अनुसार यस खण्डमा कुल एक सय वटा कलभर्ट बनाउनुपर्नेमा हालसम्म ४७ वटाको काम पूरा भएको र बाँकी ५३ वटाको निर्माण जारी छ। राजमार्गमा यसअघि लच्का (कजवे) रहेका ठाउँमा अहिले बक्स कलभर्ट बनाइएकाले अब पानीको निकास कलभर्टमुनिबाटै हुने छ। वर्षायाम सुरु हुनुअघि नै अधिकांश कलभर्टको निर्माण सक्ने गरी काम तीव्र पारिएको आयोजनाले जनाएको छ।

**पुल निर्माणको काम धमाधम**

कलभर्टसँगै तीन वटै जिल्लामा पुल निर्माणको काम पनि अघि बढेको छ। यस खण्डका कुल ३३ वटा पुलमध्ये ३१ वटामा काम भइरहेको इन्जिनियर यादवले जानकारी दिनुभयो। यद्यपि सर्लाहीको बागमती पूर्वी पुल र महोत्तरीको लक्ष्मीनिया जङ्गलस्थित जर्लाही पुलको काम भने अझै अघि बढ्न सकेको छैन। साँघुरा पुल भएका ठाउँमा पुरानो संरचना पूर्ण रूपमा भत्काएर नयाँ बनाइँदै छ भने मर्मत गरेर पुग्ने ठाउँमा छेउमै थप दुई लेनको नयाँ पुल थपिँदै छ।

आयोजना प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले वर्षाको समयमा ‘डाइभर्सन’ बनाएर यातायात सञ्चालन गर्न कठिन हुने भएकाले पुरानो संरचना भत्काइएका ठाउँमा बर्खाअघि नै काम सक्न निर्माण व्यवसायीलाई ताकिता गरिएको बताउनुभयो। इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि र बेमौसमी वर्षाका कारण लक्ष्य अनुसार काम अघि बढाउन केही चुनौती थपिएको उहाँको भनाइ छ।

**सन् २०२७ भित्र सक्ने लक्ष्य**

महेन्द्र राजमार्ग विस्तार अन्तर्गत हाल धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर खण्डमा काम भइरहेको छ। हालसम्म यस आयोजनाको कुल भौतिक प्रगति २४.१५ प्रतिशत छ। विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ सहयोगमा सन् २०२७ भित्र राजमार्ग विस्तारको काम सक्ने लक्ष्य राखिएको छ। गत पुस १६ गते (सन् २०२५ जनवरी १) देखि धनुषाको बडहरी र सर्लाहीको फूलजोरलगायतका तीन ठाउँबाट एकैसाथ स्तरोन्नतिको काम सुरु गरिएको थियो। तीन वटा फरक निर्माण कम्पनीले यसको ठेक्का लिएर काम गरिरहेका छन्। बागमती पुलदेखि पश्चिम रौतहट र बारा खण्डको पथलैयासम्मको काम पनि अघि बढाउने प्रक्रियामा रहेको छ।

स्थापनाकालदेखि नै दुई लेनमा रहेको महेन्द्र राजमार्गलाई बजार तथा व्यापारिक क्षेत्रमा दुवैतर्फ साढे छ/साढे छ मिटरको ‘सर्भिस लेन’ सहित छ लेनको र अन्य क्षेत्रमा चार लेनको बनाइने योजना छ।

नशा होइन समाधान
यसले खोस्छ सबै इज्जत–सम्मान
परिवार अनि भविष्य सम्झेर लागुऔषधलाई
“हुदैन” भान ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

*सप्तरीका तीन...*

ठेकेदारहरू अब सचेत भई सम्झौताअनुसार समयमा काम गर्ने विश्वास लिएको राजविराज नगरपालिकाका पूर्वनगरप्रमुख शैलेश चौधरीले बताउनुभयो। उहाँले अधुरो सडक निर्माणको प्रक्रिया चाँडो सुरु गर्न सम्बन्धित निकायसँग आग्रह गर्नुभयो।

# गोड्ङगबुबाट एसएलआरको म्यागिजन र ४५ राउण्ड गोलीसहित दुई जना पक्राउ

काठमाडौँ, ९ जेठ। प्रहरीले काठमाडौँ गोड्ङगबुबाट एसएलआरको म्याग्जिन र ४५ राउण्ड गोलीसहित जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरी राजविराज नगरपालिका–१३ का २७ वर्षीय खगेन्द्र शर्मा तथा सप्तरी राजविराज–१३ घर भइ हाल काठमाडौँ महानगरपालिका–३२ नरेफाँट बस्ने २२ वर्षीय ओमशङ्कर गुप्ता रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले रासससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “काठमाडौँ टोखा नगरपालिका–९ गोड्ङगवु शिव मन्दिरस्थित काबेली गेष्टहाउसमा जाँच गर्ने क्रममा ४५ राउण्ड गोली, एसएलआर हतियारमा प्रयोग हुने म्याग्जिन एक थान र मेटलको नक एक थानसहित उनीहरूलाई पक्राउ गरिएको हो।” पक्राउ परेकामाथि थप आवश्यक अनुसन्धान कार्य सुरु गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)